# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# दुर्गाथली गाउँपालिका
# बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## महालेखापरीक्षकको कार्यालय

**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६

च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दुर्गाथली गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय

**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं

मिति: २०७७।३।२६

श्री अध्यक्षज्यू,
दुर्गाथली गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **दुर्गाथली गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ५ करोड २९ लाख ४५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ करोड ४३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १५ लाख ४७ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७८ लाख ५५ हजार र रु ३५ लाख पेश्की वाँकी रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रयाप्त प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २१ (एक्काईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**


आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्ष

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

# दुर्गाथली गाउँपालिका,बभ्काङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने दुर्गाथली गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यस पालिका अर्न्तगत ७ वडा रहेका छन् ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **१६९४०८७४.२६** | १ | **चालु खर्च** | **१९४४२५१७५.४७** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **१४६५०७३०९.००** |
| | ख) बैंक | १६९४०८७४.२६ | ३ | | |
| २ | **राजस्व (आन्तरिक आय)** | **३६२३५१०१.३** | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| | क) आन्तरिक राजस्व | ७५८२८२.०० | | क) ऋण भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड(संघ) | ३५४७६८१९.३० | | ख) ब्याज भुक्तानी | |
| | ग) अन्य आय | | | ग) अन्य भुक्तानी | |
| ३ | **वित्तीय हस्तान्तरण** | **२७५५३७९७५.००** | ४ | **लगानी** | |
| | क)वित्तीय समानीकरण अनुदान | ८६३०००००.०० | | ऋण लगानी | |
| | ख) सशर्त अनुदान | १०७७१९६००.०० | | शेयर लगानी | |
| | ग) समपूरक अनुदान | १२३६७०००.०० | | अन्य लगानी | |
| | घ) विशेष अनुदान | १६५०००००.०० | ५ | **धरौटी फिर्ता** | **२९४६२२.५०** |
| | ङ) विषयगत सशर्त | ५२६५१३७५.०० | ६ | **कोष खर्च (निकासा फिर्ता)** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **२२३३००२०.६१** | ७ | **ओ.डि.एफ. खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ६७५६०००.०० | ८ | **अर्थ वजेट** | |
| | ख) राजस्व बाँडफाँड | ४९८०२०.६१ | ९ | **मौज्दात** | **१४६५५४११.२०** |
| | ग) समपूरक अनुदान | ७५७६०००.०० | | क) नगद मौज्दात | ०० |
| | घ) विशेष अनुदान | ७५०००००.०० | | ख) बैंक मौज्दात : | ४४४८३८३९.८१ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ग)विपत कोष खाता | १३२५०००.०० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | घ) धरौटी मौज्दात | ४१४१५२२.०० |
| | क) ऋण प्राप्ति | | | ङ) चेक साट्न वाँकी | (३५२९४९५०.६१) |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | **जनसहभागिता (नगद)** | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | **५०००००.००** | | | |
| ९ | **धरौटी आय** | **४३३८५४७.००** | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | |
| ११ | अन्य विविध आय | | | | |
| | **जम्मा** | **३५५८८२५१८.१७** | | **जम्मा** | **३५५८८२५१८.१७** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । यस गााउँपालिकाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानीत विवरण २०७५/३/१९ मा सभामा पेश गरि मिति २०७५/३/२९ मा गाउँ सभाबाट पारीत गरेको छ । गाउँपालिकावाट उक्त अनुमानित विवरण ऐनले तोकेको म्याद भित्र सभामा पेश गर्नु पर्दछ । यथा समयमा वजेट पेश नहुंदा सभामा छलफलको लागि प्रयाप्त समय अभाव हुने देखिन्छ । | |
| २. | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गरेको देखिंदा वजेट सीमाभित्र रहि खर्च भएको सम्वन्धमा विस्वस्थ हुने आधार देखिएन र खर्च नियमसंगत र पादरदर्शी छ भन्न सकिएन । | |
| ३. | **संचितकोष** : कार्यालयको संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्त्यमा सञ्चित कोष दाखिला गरी खाता सुन्य गरेको गर्नु पर्नेमा सो वमोजिम गरेको छैन । आन्तरीक आय समेत यकिन गरी संचित कोष हिसाव अध्यावधिक नगरेको कारण संचितकोष खाताले  आय व्ययको यर्थात चित्रण गरेको सम्वन्धमा विश्वस्थ हुन सकिएन । नियमानुसार खाता अध्यावधिक गरीनु पर्दछ । | |
| ४. | **खर्च सम्वन्धी कार्यविधि :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । खर्च भएका सवै विल भरपाईमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष गरेका कतिपय खर्चको विलभरपाई र कागजातहरु प्रमाणित नगरेको, सिलसिलेवार नराखेको, खर्चको पुष्ट्याई नदेखिएको, तेरिज नमिलाएकोले सवै भुक्तानीमा संलग्न विल भरपाई तथा कागजातहरु यथार्थ भए नभएको सम्वन्धमा आश्वस्त हुन सकिएन । | |
| ५. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ६. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, रोजगारीको अवस्था कूल आन्तरिक उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, लैङ्गिक सशक्तिकरण सूचकांक, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन  व्यवस्थित ढंगबाट सम्पूर्ण विवरण खुल्ने गरी त्यस्तो स्रोतको नक्सांकन वा प्रोफाइल तयार गरेको देखिएन । | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सञ्चालन गरेका विषय क्षेत्रगत कार्यक्रमको भार भारित सहितको प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले आ.व.०७५/७६ को समग्र प्रगति प्रतिवेदन तयार गरेको भए पनि कार्यालयले विषय क्षेत्रगत आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा | |

| | | |
|---|---|---|
| | वातावरण, महिला तथा वालवालिका, पूर्वाधार विकास आदिको कार्यान्वयन स्थिति देखिने वार्षिक प्रगति प्रतिवेदन तयार गरी वार्षिकरुपमा प्रगतिको समिक्षा हुनुपर्दछ । | |
| ८. | **सामाजिक सुरक्षा कार्यक्रम :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन ।सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निर्देशिकाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । MIS उपलव्ध हुन नसक्दा Online verification गर्न सकिएन । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |
| ९. | **सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी :** आर्थिक वर्ष २०७५/०७६ को पेश्की फछ्र्यौटमा पेश हुन आएको विल भर्पाई अनुसार भुक्तानीमा देहाय अनुसार दोहोरो नामावली परेको देखिएको छ । यसरी नाम जन्म मिति नागरिकता नम्वर लगायत सवै समान पहिचान भएका व्यक्ती हरुलाई भुक्तानी भएको देखिंदा दोहोरो भुक्तानी भएको निम्नानुसार रु ४५,६००/-सम्वन्धित पदाधिकारीहरुलाई जिम्मेवार वनाई निम्नानुसार असुल हुनु पर्ने देखिएको रु. | ४५,६००/- |

| भत्ता पाउनेको नाम | किस्ता | भत्ताको किसिम | नागरीकता नं | जन्म मिति | रकम | संरक्षक |
|---|---|---|---|---|---|---|
| **वडा नं.७** | | | | | | |
| पद्या देवि दौल्याल | तेस्रो | विधुवा | ७१३०२९/२२७ | २०२७/१०/१२ | ४००० | |
| तारा देवि सिंह | तेस्रो | विधुवा | ४१०७ | २००७/३/२६ | ४००० | |
| चन्द्र कला देवि सिंह | तेस्रो | विधुवा | ४१२५ | २०११/५/१२ | ४००० | |
| सरु मोर | तेस्रो | वाल पोषण भत्ता | | २०७२/६/२० | १६०० | कमला मोर |
| रक्षा दौल्याल | तेस्रो | वाल पोषण भत्ता | | २०७१/३/२० | १६०० | जय कला दौल्याल |
| भारती विक | तेस्रो | वाल पोषण भत्ता | | २०७४/४/११ | १६०० | ज्ञानु विक |
| प्रेयाङ्क दौल्यात | तेस्रो | वाल पोषण भत्ता | | २०७५/२/१५ | १६०० | जल धारा दौल्याल |
| प्राप्ती दौल्यात | तेस्रो | वाल पोषण भत्ता | | २०७२/८/१६ | १६०० | कलासा दौल्यात |
| धमेन्द्र दर्जि | तेस्रो | वाल पोषण भत्ता | | २०७५/३/१३ | १६०० | गितादेवि दर्जी |
| मावन मोर | तेस्रो | वाल पोषण भत्ता | | २०७०/१२/१५ | १६०० | सेर मोर |
| आरती दमाई | तेस्रो | वाल पोषण भत्ता | | २०७१/७/१८ | १६०० | सुनिल दमाई |
| **जम्मा** | | | | | **२४८००** | |
| **वडा नं.६** | | | | | | |
| हरीस महत | तेस्रो | वाल पोषण भत्ता | | २०७३/१०/१ | १६०० | किट्टी महत |
| सुवार जाग्री | तेस्रो | वाल पोषण भत्ता | | २०७१/१२/१२ | १६०० | माता देवि जाग्री |
| सक्षम जाग्री | तेस्रो | वाल पोषण भत्ता | | २०७१/१२/७ | १६०० | तुलसी जाग्री |
| लक्ष्मी जाग्री | तेस्रो | वाल पोषण भत्ता | | २०७३/५/२० | १६०० | सुरसा जाग्री |
| मिलन धामी | तेस्रो | वाल पोषण भत्ता | | २०७१/९/२० | १६०० | रंगा धामि |
| प्रकास जाग्री | तेस्रो | वाल पोषण भत्ता | | २०७४/४/१३ | १६०० | गंगा जाग्री |
| कमल जाग्री | तेस्रो | वाल पोषण भत्ता | | २०७१/११/२ | १६०० | रुमला जाग्री |
| अस्मत महत | तेस्रो | वाल पोषण भत्ता | | २०७३/६/२१ | १६०० | सिता महत |
| **जम्मा** | | | | | **१२८००** | |
| **वडा नं. ५** | | | | | | |
| सुज्ञानी जप्रेल | तेस्रो | वाल पोषण भत्ता | | २०७३/३/४ | १६०० | सरीता जप्रेल |
| सविना जप्रेल | तेस्रो | वाल पोषण भत्ता | | २०७१/२/१० | १६०० | क्युडि जप्रेल |
| राजेस कठायत | पहिलो | वाल पोषण भत्ता | | २०७२/१/१९ | १६०० | गिता कठायत |
| रितु कुमारी जप्रल | दोस्रो | वाल पोषण भत्ता | | २०७१/३/२० | १६०० | मनुरी जप्रेल |
| **प्रविना जप्रेल** | दोस्रो | वाल पोषण भत्ता | | २०७१/८/१३ | १६०० | हिमा जप्रेल |
| **जम्मा** | | | | | **८०००** | |
| **कुल जम्मा** | | | | | **४५,६००/-** | |

| | | |
|---|---|---|
| १०. | **जिन्सी निरिक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. २०७५।७६ को जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षण अवधि सम्म पनि पेश हुन नआएकोले सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| ११. | **आन्तरिक आम्दानी र दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम९(२) अनुसार कार्यालयले नगदी रसिद मार्फत दैनिक रुपमा प्राप्त गर्ने राजस्व आम्दानी ढिलोमा ७ दिनभित्र वैंक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले रसिद नियन्त्रण खाता राखेको छैन । वडामा वितरण गरेको रसिद ठेली लेखापरीक्षण अवधिसम्म गाउँपालीकामा फिर्ता नभएकोले लेखापरीक्षणमा पेश हुन सकेन ।जसवाट कुन वडाबाट के कती राजस्व उठ्नु पर्ने हो कति उठयो र कति वाँकि छ ,सो यकिन हुन सकेन।साथै प्राप्त राजस्व तोकिएको समयमा वैंक दाखिला गरे नगरेको समेत यकिन हुन सकिएन । कार्यालयले विभिन्न स्रोत बाट प्रप्त आय बैंकमा जम्मा भए पश्चात वैंक स्टेटमेन्ट र भौचरको आधारमा गोश्वरा भौचर उठाई आम्दानी जनाउने गरेको छ । मूल खातामा सिधै जम्मा भएको राजस्वको हकमा वेनामी भौचर उठाई आम्दानी जनाई आम्दानी जनाएको कारण आन्तरिक आम्दानीको वास्तविक आवस्था यकिन गर्न सकिएन । तसर्थ कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानी रकमको असुली यर्थाथता यकिन गरी सवै आम्दानी रकम दैनिक रुपमा वैंक दाखिला गर्नु पर्छ । | |
| १२. | **आन्तरिक आय र दैनिक भ्रमण खर्चको अनुपात :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु.७,५८,२८२।- रहेको देखिन्छ भने अनुगमन मुल्याङकनमा रु ३० लाख र भ्रमण खर्चमा रु.१० लाखा गरी जम्मा रु. ४० लाख विनियोजन गरेकोमा रु ३५ लाख ५० हजार खर्च गरेको छ । यसरी आन्तरिक आय र दैनिक भ्रमण भत्ता खर्च वीचको अनुपात १:४.६१५अर्थात दैनिक भ्रमण खर्च आन्तरिक आयको तुलनामा४.६१५ गुना वढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकामा संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ । | |
| १३. | **सशर्त अनुदान फिर्ता :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्य तया शिक्षा, स्वास्थ्य र कृषि पशुपंक्षी मन्त्रालय लगायतबाट प्राप्त भई आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष ति शिर्षक तर्फ विनियोजित वजेटको बचत रकम मध्ये सामाजिक सुरक्षाको रु.५,६५,४००।- र विषयगत ससर्तको रु.६९,००,०००।- मिति २०७६।३।३१ संघिय संचितकोषमा मा पठाएको देखिन्छ । वर्षान्तमा दाखिला बाँकि रहेको रु ११,२७,२२१।- संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | ११,२७,२२१/३३ |

| **शिर्षक** | **दाखिला गर्नु पर्ने रकम** |
|---|---|
| शसर्त अनुदान | ९४९६८१.३३ |
| विशेष अनुदान संघ | ११३१३५.०० |
| विशेष अनुदान प्रदेश | ६४४०५.०० |
| **जम्मा** | **११,२७,२२१/३३** |

| | | |
|---|---|---|
| १४. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । | |

<table>
<tr>
<td></td>
<td>सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>१५.</td>
<td>निर्माणतर्फ :<br>नापि किताव पोष्टिङ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) बमोजिम नापी किताव अनुसार वास्तविक नापी कार्यको मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले निम्नानुसारको योजनामा कार्यको वास्तविक मुल्यांकन गरी नापी कितावमा प्रविष्ट गरी सोही वमोजिम कार्यको वास्तविक मापनको आधारमा मात्र भुक्तानी दिनु पर्नेमा सो वमोजिम नगरी ठेक्का विलमा कार्य गरेको देखाएको आधारमा भुक्तानी दिएको पाईयो र उक्त कार्यहरु कुन कुन चेनेजमा भएको हो सो समेत नखुलाएकोले भुक्तानी खर्चको यर्थाथता यकिन हुन सकेन, तसर्थ सो सम्वन्धमा नापिकिताव लगायतको खर्चपुष्ट्याईको आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु.</td>
<td>८,५५,९८६/९१</td>
</tr>
<tr>
<td></td>
<td>
<table>
<tr><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>चुवावन सडक</td><td>ग्याविन कार्य</td><td>19m3</td><td>१४५०५.८३</td><td>२७५६११.९१</td></tr>
<tr><td>झोता रकैल सडक</td><td>ग्याविन कार्य</td><td>40m3</td><td>१४५०५.३९</td><td>५८०३३५</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td></td><td>८,५५,९८६/९१</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१६.</td>
<td>उपभोक्ताको अंश : सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४) अनुसार उपभोक्ता वा लाभ ग्राही समुदायलाई निर्माण कार्य वा सेवाको भुक्तानी दिंदा जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । चुवावन सडक निर्माणको कार्य गर्दा लागत अनुमानमा जनश्रमदान वापत व्यहोर्नूपर्ने अनुपातमा कार्यको मुल्यांकनको आधारमा उपभोक्ताको अंश रु १९,८६,३३६।३९ कटाई बाँकी रकम मात्र भुक्तानी गर्नुपर्नेमा जनश्रमदानको अंश रु १९१०७९७.२५ मात्र कट्टा गरी भुक्तानी दिएको देखिएकोले घटि कट्टा हुंदा वढी भुक्तानी हुन गएको रु ७५,५३९/१४ असूल गर्नुपर्ने रु.</td>
<td>७५,५३९/१४</td>
</tr>
<tr>
<td>१७.</td>
<td>पेश्की वढी दिएको : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) वमोनिम उपभोक्ता समितिलाई वढीमा ३३ प्रतिशत सम्म प्रथम पेश्की दिनु पर्ने व्यवस्था रहेकोमा झोता जुइल विनाडा रकैद सडकको उपभोक्ता समितिलाई संझौता रकमको एक तिहाईले हुने रु.२६,०७,०००।- मात्र पेश्की दिनु पर्नेमा ३२,००,०००।- पेश्की दिएकोले वढी पेश्की दिएको अनियमित देखिएको रु.</td>
<td>५,९३,०००/-</td>
</tr>
<tr>
<td>१८.</td>
<td>मुल्यांकन वढी देखाएको :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) बमोजिम नापी किताव अनुसार वास्तविक नापी कार्यको मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको योजनाहरुमा लागत अनुमानको तुलनामा फरक नापी देखाएकोमा योजनाको स्टक्चरको कार्यको ड्रइङ नराखेको र फरक कार्य गर्दा प्राविधिक मुल्याङ्कन समेतको कारण नखुलाएकोले वढी मूल्याङ्कन भै रु ४,१३,४२३।-वढी भुक्तानी गरेको छ । यस प्रकारको खर्च वास्तविक हो होइन यकिन गरी असुल गर्नुपर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमानको परिमाण</th><th>नापी किताबमा भएको</th><th>फरक परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>सैजगाउँ कुलो मर्मत</td><td>PCC(1:2:4)</td><td>2x135x0.1</td><td>2x135x0.1</td><td>२.१६</td><td>१८५५२.</td><td>४००७३</td><td>Double Side को RCC</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | =10.8 | 2=12.96 | | ५४ | | Wall Canal मा Wall कोमोटाइ 0.12 बढाएको |
| थली जिउला सिंचाइ | Stone Masonery | 20x0.6x2.96=35.40 7x0.6x3.05=12.81 | 15.5x1x2.75=42.69 10x1x3=30 | २४.४२ | १५००० | ३६६३०० | Wall स्टार्न्डड 0.6 मिटर वाट 1 मिटरबढाएको |
| मैरीबगर पल्लिखेत सडक | Stone Masonery | 25x0.45x2.2=24.75 25x0.6x2.2=33 | 15x0.9x2.4=32.4 15x0.7x2.45=25.73 | ०.४७ | १५००० | ७०५० | Wall को लम्वाइ 25 m बाट ज्ञछ मा घटाई wall को मोटाइ 0.45 बाट 0.90m बनाएको |
| **जम्मा :** | | | | | | ४,१३,४२३ | |

| | | |
|---|---|---|
| १९. | **वैंक ग्यारेन्टी :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा. ५२ (क) बमोजिम मोविलाईजेसन पेश्की दिदा वाणिज्य वैंकको ग्यारेन्टी लिई सोही वमोजिम पेश्की दिनुपर्नेमा सो वमोजिम वैंक ग्यारेन्टी वेगर निम्नानुसार पेश्की दिएको देखियो । यसरी नियमको पालना नगरी पेश्की दिएको अनियमित देखिएको रु. | १,४२,४०,०००/- |

| **योजनाको नाम** | **ठेक्केदारको नाम** | **पेश्की रकम** |
|---|---|---|
| वडा नं.१ भवन निर्माण | श्रृष्टी कन्ट्रक्सन | ६०००००.०० |
| वडा नं.४ भवन निर्माण | त्रिपुरा निर्माण सेवा | ६०००००.०० |
| वडा नं.६ भवन निर्माण | महालिगं नर्माण सेवा | ६०००००.०० |
| वडा नं ७ भवन निर्माण | टि.ए कन्ट्रक्सन | ६०००००.०० |
| चौधारी स्कुल भिवन निर्माण | मस्टा निर्माण सेवा | १३५००००.०० |
| मुहान जानपाटा सिंचाई | त्रिपुरा निर्माण सेवा | ५७००००.०० |
| धली जिउला सिंचाई कुलो | महकिंग निर्माण सेवा | ९३५००००.०० |
| मौरीवगर पाथिरेरा सडक | श्रब्जी कन्सट्रक्सन | ५७००००.०० |
| जम्मा | | १,४२,४०,०००/- |

| | | |
|---|---|---|
| २०. | **ड्रईङ्ग डिजाईन नभएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(६) बमोजिम लागत अनुमान तयार गर्दा ड्रइङ्ग,डिजाइन लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको पदाधिकारी वाट जाँच गराई सोही वमोजिम लागत अनुमान तयार गर्नु पर्ने र सो नियमावलीको नियम १२५(३) वमोजिम प्राविधिकले निर्माणकार्यको स्वीकृत ड्रईङ्ग डिजाईन स्पेशिपिकेशन अनुसार भए नभएको जाँच गरी प्रतिवेदन पेश गर्नु पर्ने र सोको आधारमा सार्वजनिक निकायले भुक्तानी दिने व्यवस्था गरेको छ । कार्यालयले ४ वटा वडामा वडा स्वास्थ्य भवन निर्माण कार्य गराएकोमा भवनको आर्किटेकचर,स्ट्रक्चरको ड्रइङ्गहरु तयार गरेको छैन । जस्वाट संझौता एवं लागत अनुमान अनुसार तोकिए वमोजिमको कार्य सम्पन्न भए नभएको सम्वन्धमा समेत वास्तविकता यकिन गर्न सकिएन । उक्त कार्य साइट प्लानको आधारमा मात्र गराउँदा निम्नानुसार भएको पाइयो। | |
| २०.१ | **परिमाण वढी देखाएको :** भवनको पिसीसी फर आरसीसी मा विल र लेन्थ उल्लेख गरी निम्नानुसार वढी लागत अनुमान तयार गर्दा र नापी गर्दा वास्तविक हुनु पर्ने परीमाण भन्दा वढी परीमाण देखाएको र सोही वमोजिम 4.57m3 मापन गरी भुक्तानी गरेको पाईएकोले वढी भुक्तानी हुन गएको 4.57m3 को निम्नानुसारको दरले दरले रु ४,२५,३१६।१९ असुल हुनु पर्ने देखिएको रु | ४,२५,३१६/१९ |

| देखाएको परिमाण | हुनुपर्ने परिमाण | फरक परीमाण |
|---|---|---|
| Y axis 6x6.94x0.3x0.3=3.75 | 3x6.94x0.3x0.225=1.405 | २.३४५ |
| Xaxis 4x6.25x0.3x0.3=2.43 | 2x6.94x0.3x0.225=0.937 | १.४९३ |
| X axis inner 3x3.23x0.3x0.3=0.87 | 3x3.23x0.3x0.225=0.654 | ०.२१६ |
| Toilet Xaxis 4x105x0.3x0.3=0.54 | 2x1.5x0.3x0.225=0.202 | ०.३३८ |
| Toilet y axis 2x1.8x0.3x0.3=0.34 | 1x1.8x0.3x0.3=0.162 | ०.१७८ |

| | | | |
|---|---|---|---|
| Total | 7.93 | 3.36 | 4.57m3 |

उपरोक्तनुसार ४ वटा भवनमा नै फरक परेको असुल हुनु पर्ने रकम निम्नानुसार रहेको छ ।

| योजनाको नाम | निर्माण व्यवसायी | दर | असुल हुनु पर्ने रकम |
|---|---|---|---|
| वडा नं.१ स्वास्थ्य भवन | श्रृष्टी कन्स्ट्रक्सन | 22000 | १००५४० |
| वडा नं. ४ स्वास्थ्य भवन | त्रिपुरा कन्स्ट्रक्सन | 20000 | ९१४०० |
| वडा नं. ६ स्वास्थ्य भवन | महालिङ्ग निर्माण सेवा | 30000 | १३७१०० |
| वडा नं. ७ स्वास्थ्य भवन | टि.ए कन्स्ट्रक्सन | 21067 | ९६२७६.१९ |
| | **जम्मा असुल हुनु पर्ने** | | **४,२५,३१६/१९** |

२१. **लागत अनुमान यर्थात नभएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(६) बमोजिम लागत अनुमान तयार गर्दा ड्रइङ्ग,डिजाइन लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको पदाधिकारी वाट जाँच गराई सोही वमोजिम लागत अनुमान तयार गर्नु पर्ने र सो नियमावलीको नियम १२५(३) वमोजिम प्राविधिकले निर्माणकार्यको स्वीकृत ड्रईङ्ग डिजाईन स्पेशिपिकेशन अनुसार भए नभएको जाँच गरी प्रतिवेदन पेश गर्नु पर्ने र सोको आधारमा सार्वजनिक निकायले भुक्तानी दिने व्यवस्था गरेको छ । चौधारी विद्यालयको ८ कोठे भवनको निर्माण कार्य मष्टा विकास ए वान कन्स्ट्रक्सन वाट गराएकोमा लागत अनुमान तथा कार्यको मापन यर्थात नभएको पाईयो । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् ।

२१.१ **लागत अनुमानको परिमाण फरक पारेको :** Stone Soling को कार्य को लागत अनुमान तयर गर्दा जोडजम्मा फरक पारी निम्नानुसार रु २११४४४३.२९ ले वढी लागत अनुमान तयार गरेको देखियो । यसरी वढी दरमा लागत अनुमान तयार हुंदा सोही वमोजिम वढी दरमा संझौता भई वढी भुक्तानी हुने हुंदा सो सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई निम्नानुसार असुल हुनु पर्ने रु २,११,४४३/२९

| कामको विवरण | परिमाण | हुनुपर्ने परीमाण | देखाएको परिमाण | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| Stone Soling Ground | 4x4.6x6.8 x0.1 | १२.५१३ | १८.४ | ५.८८८ | - | - |
| Floor in class room | 1x23.9x1.8x0.1 | ४.३०२ | २३.९ | १९.५९८ | - | - |
| Staiv class area | 1x7.6x3.1 x0.1 | २.३५६ | ७.६ | ५.२४४ | - | - |
| **Total** | | **१९.१७** | **४९.९** | **३०.७३** | **६८८०.६८** | **२,११,४४३/२९** |

२१.२ **कार्यको मापन फरक पारेको :** स्टोन सोलिङ कार्यको मापन गर्दा समेत वास्तविक हुनु पर्ने परिमाण भन्दा ३०.७३ m3 ले वढी मापन गरी सोही वमोजिम भुक्तानी दिंदा प्रति घन मिटर रु ३५०० को दरले रु १,०७,५००।- वढी भुक्तानी भएको देखियो यसरी वास्तविक परिमाण भन्दा नापि किताबमा वढी परीमाण देखाएको सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्ने देखियो । साथै वढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्ने देखिएको रु १,०७,५५५/-

२१.३ **सम्पन्न नभएको कार्यको विल तयार गरेको :** उपरोक्त वमोजिमको निर्माण कार्यको भुक्तानी हुंदा पेश भएको फाइल संग समावेश फोटो अनुसार Ground Floor को वालसम्मको मात्र कार्य गरेको देखिएकोमा १ तला सम्मको  भुक्तानी गरेको देखिएकोले कार्य नै सम्पन्न नगरी विल तयार गर्नेलाई जिम्मेवार वनाई निम्नानुसार असुल गर्नुपर्ने रु.

| कामको परिमाण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|
| Stone Soling | १९.१७ | ३५०० | ११४८४० |
| Pcc work in rome,naranda,sturuture RCC (1:2:4) | ९.५७ | १२००० | ११४८४० |
| slab beam,.......... | ४५.३८ | १७७८५ | ८०७०८३.३० |
| Re bar( Kg) | ५७७० | ११० | ६३४७०० |
| Form work slaes plaster | ३०४.७५ | ४०० | १२१९०० |
| grill | २२.३६ | ५००० | १११८०० |
| Plaster (1:4) | ४९४.७१ | ४०० | १९७८८४ |
| Total | | | **२०,५५,३०२/३०** |

रकम: २०,५५,३०२/३०

२१.४ **डण्डीको मापन यर्थात नभएको :** उपरोक्त वमोजिम भवनको लागि डण्डीको वार सेडुल राखेको छैन आरसिसिको प्रविताको आधारमा डण्डी प्रयोग देखाई ६६१२.०६ किलोको प्रति किलो रु.११० को दरले रु.६,२६,३२६/६०नापी गरी खर्च लेखेको आधार स्पष्ट नभएको रु

रकम: ६,२६,३२६/६०

२२. **चेनेज नखुलाएको :** सनैगाउँ कुलो मर्मत को १३५ रनिङ मिटर र थली जिउला सिंचाई र मुहान जालनपाप सिंचाईको ६०० रनिङ्ग मिटर ,आरसिसि क्यानलको  २९० मिटरको काम गरेकोमा सो कार्यको चेनेज खुलाएको छैन तर मापन एकमुष्ट गरेको छ । क्यानल को र स्टोन मेसोनरीको ड्र्इङ नयार गरेको छैन ।जस्वाट सो कार्यको  यर्थाथता यकिन गर्न सकिएन । तसर्थ सो सम्वन्धमा थप यकिन हुनु पर्दछ ।

२३. **विल भर्पाई वेगरको खर्च :** ११/२०७६/३/३१ : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । थलचौर माद्यमिक विद्यालय लाई आइसिटि प्रयोगशालाको लागि भनी रु २,५०,०००।-भुक्तानी खर्च लेखेकोमा सो खर्च पुष्ट्याईको लागि विल भरपार्य,प्रमाण कागजात सम्लगन नगरेकोले सो खर्च पुष्ट्याई हुन सकेन तसर्थ यस्तो खर्च रकम असुल हुनुपर्ने रु.

रकम: ६,५०,०००/-

२४. **वन हेरालु र असारे हेरालु :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी दिंदा रित पुगे नपुगेको यकिन गरीनु पर्ने व्यवस्था रहेको छ । यस गाउँपालीकाले वन हेरालु र असारे हेरालु भनि निम्नानुसार कर्मचारी नियुक्ति गरी खर्च लेखेको देखियो । यस्तो कार्यकोलागि कर्मचारी नियुक्त गरी खर्च लेख्ने कानुनी आधार नरहेकोले सो सम्वन्धमा स्पष्ट आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु

| खर्च लेखेको वडा नं. | कर्मचारी विवरण | भुक्तानी पाउने कर्मचारी | भुक्तानी रकम | |
|---|---|---|---|---|
| १ | असारे हेरालु | | १०००००.०० | |
| ४ | वन हेरालु | जितेन्द्र ओड | ४७५००.०० | |
| ५ | वन हेरालु | प्रेम जप्रेल | १०००००.०० | |
| ६ | वन हेरालु | भारमल जाग्री | १०००००.०० | |
| | वन हेरालु | सिगु दौल्याललाई | ७४५००.०० | |
| | जम्मा : | | ४,२२,०००/- | |

रकम: ४,२२,०००/-

२५. **मुल्य अभिवृद्धि कर दोहोरो भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(१) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही अनुसूचि १ को ढाँचामा तयार गर्नु पर्ने व्यवस्था गरेको छ । नियमावलीको  अनुसूचि १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा परिमाण र मुल्यअभिवृद्धि कर,कन्टिजेन्सी,ओभरहेड वाहेकको दरले गुडान गर्दा आउने

| | | |
|---|---|---|
| | कूल जम्मा रकममा मात्र मुल्यअभिवृद्धि कर तथा कन्टिजेन्सी एवं ओभरहेड जोडी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ । निम्नानुसारको ठेक्काको लागत अनुमान तयार गर्दा उपरोक्त बमोजिमको प्रकृया अवलम्बन नगरी प्रत्येक आइटममा मुल्यअभिवृद्धि कर समेत थपगरी दर विश्लेषण गरेको र सोही दरमा लागत अनुमान तयार गरेको देखियो । यसरी मु.अ.कर समेतको लागत अुमानमा पुन १३ प्रतिशत थपगरी मुल्यअभिवृद्धि कर समेतको लागत अनुमान उल्लेख गरी वोलपत्र आवहान को लागि सूचना प्रकाशन गरे अनुसार दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये सवै भन्दा घटी कवोल गर्ने निर्माण व्यवसायि संग सम्झौता गरी कार्यादेश दिएको देखिन्छ । यसरी सम्झौता भए बमोजिमको काम सम्पन्न गरी पेश गरेको ठेक्का विल तथा कर विजकको रकममा १३ प्रतिशत मुल्यअभिवृद्धि कर थपगरी दिएको देखिएकोले मु.अ.कर दोहोरो भुक्तानी भएको देखियो । तसर्थ लागत अनुमानमा मुल्यअभिवृद्धि कर नलाग्ने आइटमहरुमा यकिन गरी मुल्यअभिवृद्धि थप भएको आइटमको मुल्यअभिवृद्धि कर असूल गरी राजस्व दाखिला गर्नु पर्दछ । अन्यथा  दर विश्लेषणको परिक्षणबाट स्मु.अ.कर दोहोरो भुक्तानी भएको स्पष्ट देखिएकोले निम्नानुसार बढी भूक्तानी भएको मूल्यअभिवृद्धि कर असूल गरी वेरुजू वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने रु | ५९,०६,७८८/- |

| भौ.नं.मिति | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायि | सम्झौता रकम मु.अ.क समेत | भुक्तानी रकम | भुक्तानी भएको मुल्य अभिवृद्धि कर |
|---|---|---|---|---|---|---|
| ४०/०७५/११/९ | | गापा छाना निर्माण | महालिङ्गा निर्माण सेवा | ४५४४५३.७९ | ४५४४५३.७९ | ५२२८३ |
| ३१/२०७६/३/७ | १३/०७५/७६ | झोता राकैल सडक निर्माण | दिगो निर्माण सेवा | ३२२८०२९ | ३२२८८८६ | ३७१४६४ |
| ३३/२०७६/३/२७ | १४/०७५/७६ | मौरी वगर सडक | टि.ए निर्माण सेवा | ३९८७४२५ | ३९७१९२८ | ४५६९४८ |
| ३९/२०७५/३/३० | १५/०७४/७५ | डुम्रि पिपलबोट सडक | भाइजान निर्माण सेवा | २८४७०२७ | २८४२४१२ | ३२७००३ |
| | ११/०७५/७६ | डुम्रि सेला गाउ सडक | सृष्टी निर्माण सेवा | ११३९६२६ | ११३९६२६ | १३१११२ |
| | १२/०७५/७६ | विनाडा तटवन्ध | मष्ट विकास ए.वाल निर्माण सेवा | ८१६८७७ | ८१५५०० | ९३९७७ |
| | १०/०७५/७६ | झोता रैकाल सडक | पाथिभारा निर्माण सेवा | ४२६९४४५ | ४२००६४२ | ४८३२६० |
| | ९/०७५/७६ | चावावाङ्ग सडक | जनता कन्स्ट्रक्सन | ४५४९३०० | ४५३९५५० | ५२३४०० |
| | ८/०७५/७६ | मौरी वगर कृषि सडक | | २८५०००० | २८३९००० | ३२६६११ |
| | ७/०७५/७६ | मुहान जाने वाटो सिंचाई कुलो | | २८५०००० | २५४९००० | ३२७६७१ |
| | १६/०७५/७६ | चाका गाग्रीपाटा सडक | | २८५०००० | २८४७००० | २९३०१८ |
| | १/०७५/७६ | आधारभुत स्वास्थ्य सेवा टाइप १ | सृष्टी कन्स्ट्रक्सन | ३१३४००० | ३१३४००० | ३६०५४८ |
| | २/०७५/७६ | आधारभुत स्वास्थ्य सेवा टाइप २ | त्रिपुरा निर्माण सेवा | ३१३४००० | ३१३४००० | ३६०५४८ |
| | ३/०७५/७६ | आधारभुत स्वास्थ्य सेवा टाइप २ | महालिङ्गा निर्माण सेवा | ३६१०००० | ३५८५००० | ४१२४३३ |
| | ४/०७५/७६ | आधारभुत स्वास्थ्य सेवा | टि.ए कन्स्ट्रक्सन | ३३२५००० | ३३२२००० | ३८२१७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | टाइप २ | | | | |
| | ५/०७५/७६ | चौधारी स्कुल ८ कोठे भवन | मष्टा विकास ए.वान निर्माण सेवा | ५८८२००० | ५८८२००० | ६७६६९० |
| | ६/०७५/७६ | थाली ज्यूला सिंचाई कुलो निर्माण | | २८५०००० | २८४८००० | ३२७६४६ |
| | | जम्मा : | | | | ५९०६७८८/ |

२६. **कर विजक वेगर मु.अ.कर भुक्तानी :** मुल्य अभिवृद्दिकर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम कर विजक जारी गरेको आधारमा मात्र  मु.अ.कर  भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा मु.अ.कर वाहेकको रकम मात्र  भुक्तानी दिनु पर्ने देखिन्छ । उपभोक्ता समिति मार्फत गराउने कामको लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आईटम सिमेन्ट,तारजाली,रड लगायतको सामाग्रीमा मु.अ.कर सहितको लागत अनुमान तयार गरेको देखिन्छ ।यसरी तयार गरेको लागत अनुमान अनुसार कामको मुल्यांकन भई सोको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा मु.अ.कर लाग्ने सामाग्री खपत हुने P.C.C. Plaster,Reinforcement work लगायतमा प्रयोग हुने  नर्म्स अनुसार प्रति घ.मी.कामको लागि ३२० के.जि. अर्थात ५० व्याग सिमेन्ट लाग्ने आधारमा र अन्य सामाग्रीको हकमा खपत  एवं सामाग्रीहरुको भुक्तानीमा मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले सो रकमको कर विजक जारी गर्नु पर्नेमा देहाय अनुसारका उपभोक्ता समिति हरुले कर  विजक पेश नगरेको , पेश गरेकोमा घटी रकमको पेश गरेको, मु.अ.करमा दर्ता नभएको खुला विल पेश गरेको देखियो । यसरी करविजक वेगरको मु.अ.कर भुक्तानी दिन कानुन वमोजिम मिल्ने देखिंदैन । तसर्थ करविजक वेगर मु.अ.कर भुक्तानी भएको रकम निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु — २६,००४/-

| **गो.भौ र मिति** | **उपभोक्ता समिति** | **प्रयोग भएको सिमेन्टको मुल्य** | **कर विजक वेगरको रड र तारको मुल्य** | **कर विजक वेगरको पाईपको मुल्य** | **असुल हुनु पर्ने १.५ प्रतिशत अग्रिम कर र मु.अ.कर रकम** |
|---|---|---|---|---|---|
| ८६/०७६/१/२५ | डुंग्री खा.पा.योजना | - | - | १,४२,९९७/- | १८,३४९/- |
| १४९/०७६/२/२९ | तलदयान सिंचाई कुलो | - | २६,५२७/- | - | ३,०५२/- |
| २४१/०७६/३/२६ | गौरीखोला तडवन्ध | - | ४०,०००/- | - | ४,६०३/- |
| | जम्मा : | | | | २६,००४/- |

२७. **वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कनटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संभौता  अनुसार रु १,०८२,२२५/-मात्र भुक्तानी दिनु पर्नेमा रु २,२३,०६०/-भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु ४०,८२५/-असुल हुनु पर्ने रु — ४०,८२५/-

| **गो.भौ.नं. र मिति** | **योजनाको नाम** | **कामको मुल्यांकन** | **उपभोक्ताको अंश** | **भुक्तानी दिनु पर्ने रकम** | **भुक्तानी दिएको रकम** | **वढी भुक्तानी भएको रकम** |
|---|---|---|---|---|---|---|
| ८६/०७६/१/२५ | डुंग्री खा.पा.यो | ११,२०,४१५/- | २१.०२% | ८,८४,९०३ | ८,९३,०४० | ८,१३७ |
| २३५/०७६/३/२४ | मष्टालाटाहित मन्दिर | ४,६१,७०५/- | २३.६८% | ३,५२,३४५ | ३,८०,००० | २७,६५४ |
| | धारगाड सिंचाई कुलो निर्माण | १२,४६,९८७/- | २४.२२% | ९,४४९६६ | ९,५०,००० | ५,०३४ |
| | जम्मा : | | | १,०८२,२२५ | २२३,०६० | ४०,८२५/- |

२८. **विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुका पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ३१(१)मा सार्वजनिक निकायले २० लाख भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य,मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुला वोलपत्रको माध्यम द्वारा खरिद गर्नु पर्ने उल्लेख छ । साथै सो नियमावलीको नियम ९७ वमोजिम

| | | |
|---|---|---|
| | उपभोक्ता मार्फत काम गराउँदा सिभिल वर्क वाहेक मेशिनरी सामान खरिद कार्य उपभोक्ता मार्फत गराउन पर्ने स्पष्ट व्यवस्था भएको देखिंदैन । यस गाउँपालिका अन्तरगतको जसेकोट जलविधुत आयोजनाको लागि कन्सल्टेन्ट मार्फत तयार गरेको रु ८०,५८,८६५।–को लागत अनुमानको आधारमा गाउँ पालिकाले छुट्टाएको रु ५५ लाख स्वीकृत वजेट वाट विधुतीय उपकरण खरिदको लागि नियमको उक्त व्यवस्था वमोजिम खुला प्रतिष्प्रधाको माध्यमवाट खरिद कार्य गराउनु पर्नेमा सो वमोजिम नगरी उपभोक्ताले स्वयम कन्सल्टेन्ट मार्फत खुला प्रस्ताव माग गरी Vission Engineering Construction PVT. LTD वाट सामान खरिद वापत रु ४४,६३,४३३।–को विल पेश गरेको आधारमा भुक्तानी दिएको छ । त्यस्तै थापा गाउँ जलविधुत उपभेक्तासमितिले समेत रु २२,५०,०००। को विधुत सामान सोभ्कै विना प्रतिष्पर्धा खरिदगरेको विल पेश गरेको आधारमा भुक्तानी दिएको देखियो ।यसरी नियमको उक्त व्यवस्था वमोजिम विना कुनै प्रतिष्पर्धा सोभ्कै खरिद कार्य गराएको अनियमित देखिएको रु | ६७,१३,४३३।– |
| २९ | **दर फरक पारी लागतअनुमान तयार गरेको :** खालीकत्या ताल्देन सिंचाई योजनाकोलागत अनुमान तयार गर्दा ग्याविन वक्स २X१X१ को प्रति थान रु १५,८१६।५१ को दरले तयार गरेकोमा सोको मुल्यांकनमा रु ९,७३४।०७को दरले विल वनाएको देखिन्छ । यसरी लागत अनुमान तयार गर्दा यर्थातको नजिक पुग्ने गरी तयार गर्नु पर्नेमा करिव ३९ प्रतिशत दरमा फरक पर्ने गरी तयार गरेको देखिंदा लागत अनुमानको यर्थातता सम्वन्धमा विश्वस्थ हुने आधार देखिएन । | |
| ३०. | **न्यून प्रतिष्पर्धा भएको :**सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) अनुसार बोलपत्र आह्वान गर्दा वोलपत्र दाताहरु वीच आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द गर्न सक्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले यो वर्ष विभिन्न सडक तथा अन्य निर्माण कार्यको लागि देहाय वमोजिम को लागत अनुमान तयार एवं स्वीकृत गरी सोही वमोजिम ठेक्का व्यवस्थाको लागि वोलपत्र आव्हान गरे वमोजिम विभिन्न वोलपत्र दाता हरुले २ देखि २० थान सम्म वोलपत्र फारम लिएकोमा प्रतेक फरक फरक ठेक्काको लागि एक/एक वटा मात्र वोललपत्रदाता हरुले मात्र दर्ता गराए वमोजिम लागत अनुमानको तुलनामा नगन्य मात्र वढी रकम कवोल गरेको र सोही वमोजिम संभ्कौता भएको देखिन्छ । यसरी यस ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा निर्माण व्यवसायी विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन । कार्यालयले खरिद प्रकृयालई वढी भन्दा वढी प्रतिष्पर्धाको माध्यम द्धारा खरिद कार्य गराउन वोलपत्र दर्ता प्रकृयामा विधुतीय माध्यमलाई प्राथमिकता दिनु जरुरी देखिन्छ । | |

| योजनाको नाम | लागत अनुमान(रु हजार) | वोल पत्र विकी थान | वोल पत्र दर्ता थान | निर्माण व्यावसायी को नाम | संभ्कौता रकम रु (हजारमा) | लागतअनुमान को तुलनामा घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| आधारभुत स्वास्थ्य सेवा केन्द्र टाईप २ | ३१३५ | २ | १ | सृष्ठी कन्सटक्सन | ३१३४ | ०.०२ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र टाईप २ | ३१३५ | ७ | १ | त्रिपुरा निर्माण सेवा | ३१३४ | ०.२९ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र टाईप २ | ३६१० | ४ | १ | महालिंग निर्माण सेवा | ३५८५ | ०.७० |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र टाईप २ | ३३२५ | ६ | १ | टि.ए.कन्स्टक्स न | ३३२२ | ०.०६ |
| थली जिउला सिंचाई कुलो | २८५० | ५ | १ | | २८४८ | ०.०५ |
| चौधारी स्कुल ८ कोठे भवन निर्माण | ८२५१ | ११ | १ | मस्ट विकास ए वन नि.से. | ५८८२ | २८.७० |
| मुहान जानपाटा सिंचाई कुलो निर्माण | २८५० | ४ | १ | | २८४९ | ०.०३ |
| मोरीवगर पाथिभेरा कृर्षि | २८५० | ११ | १ | | २८३९ | ०.३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सडक निर्माण | | | | | | |
| चुवान सडक निर्माण | ४५६० | २० | १ | जनताकन्स्टक्सन | ४५५९ | ०.०२ |
| झोता रकैल सडक निर्माण | ४२७५ | १४ | १ | पाथिभारा नि.से. | ४२६९ | ०.१३ |
| डुग्री सेलागाउँ सडक निर्माण | ११४० | ८ | १ | सृष्ठी कन्सटक्सन | ११३९ | ०.०३ |
| विनाडा तडवन्ध निर्माण | ८२० | ६ | १ | मस्ट विकास ए वन नि.से. | ८१६ | ०.४८ |
| झोता जुईल सडक निर्माण | ३२३० | ७ | १ | दिगो नि.से. | ३२२८ | ०.०३ |
| मेरीभेरा पाथिभेरा कृषि सडक निर्माण | ३९९० | १२ | १ | टि.ए. नि.से. | ३९८७ | ०.०६ |
| डुग्री पिपलकोट भण्डेलगाउँ सेलागाउँ सडक निर्माण | २८४९ | १२ | १ | भाईजान नि.से. | २८४७ | ०.१० |
| चाका गाग्रीपाटा अठीमाडा सडक निर्माण | २८५० | ११ | १ | | २८४७ | ०.०९ |
| जम्मा : | | | | | ५१२८५ | |

उपरोक्त वमोजिमको ठेक्कामा एउटा स्कुल भवन निर्माणमा वाहेक अन्य १५ योजनामा लागत अनुमानको तुलनामा १ प्रतिशत भन्दा कम रहेको देखियो ।

३१. **कार्यसम्पादन जमानत नराखेको :** सार्वजनिक खरिद ऐन २०६३ को नियम २७(४) मा वोलपत्रको माध्यमवाट खरिद कार्य गराउँदा कवोल अंकको ५ प्रतिशतका दरले कार्य सम्पादन जमानत राख्नु पर्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाले वृद्द ईलेक्टो प्रा.लि. संग All- Wheel Drive Backhop Loder सप्लाई गर्ने गरी रु ३५,३९,०००।–सम्झौता भएकोमा नियमावलीको उक्त व्यवस्था वमोजिम ५ प्रतिशतले हुने रु १,७६,९५०।- कार्यसम्पादन जमानत लिनु पर्ने रु. १,७६,९५०/-

३२. **हलिया मुक्ती :** गाउँपालीकामा रहेका १४ जना हलिया मुक्तीको लागि संघिय सरकारवाट निकासा भएको रु.१३,७५,०००।- मध्ये क वर्गका १ जना ख वर्गका २ जना र घ वर्गका ११ जनालाई जम्मा रु ११,५०,०००।- वितरण गरेको भरपाई पेश भएको छ । उक्त खर्चको सम्वन्धमा प्राविधिक मुल्याङ्कन अनुगमन तथा प्रभाव मूल्याङ्कन हुनु पर्नेमा सो वमोजिम भए गरेको पाइएन ।

३३. **गरीवसंग विश्वेश्वर कार्यक्रम :** गाउँपालीकाले गरिवी न्यूनिकरण र आयआर्जनमा सघाउ पुग्ने उदेश्यले कुखुरा पालन,बाखापालन र व्यापार व्यवसायको लागि निम्नानुसारका उपभोक्ता समितिहरुलाई देहाय अनुसार रकम भुक्तानी दिएकोमा निम्नानुसार भएको पाईयो ।

| **भौ.नं. र मिति** | **उपभोक्ता समिति** | **दिएको रकम** | **सप्लायर्स** | **खरिद गरेको संख्या** | **वितरण भएको संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १६/२०७६/२/२६ | दौला महिला उ.स वडा नं.७ | १०,००,००० | दिपेन्द्र पशुपंक्षी कृषि फर्म<br>अर्जित पोल्ट्रि फर्म | बोका १,पठ्यारी के.जीको ४०० का दरले रु.३,००,०००, साना पठ्यारी केजीको ४०० का दरले रु.६८००० ,कुखुरा ८८८.८८ | कुखुरा र बाखा ३० घर परिवरलाई पिस र गोटामा वितरण भएको,बोका वितरण भएको नदेखिएको | केजीमा किनि पिस र गोटामा वितरण भएकोले संख्या एकिन गर्न नसकिएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | केजी रु.४५० का दरले रु.४००००० | | |
| १८/२०७६/२/२६ | गोरखनाथ महिला उ.स वडा नं.७ | ५,००,००० | आर्जित पोल्ट्रि फर्म<br><br>दिपेन्द्र पशुपंक्षी कृषि फर्म | कुखुरा ४४४.४४ केजी रु४५० को दरले रु.२००००० पठ्यारी ३५० को दरले रु.२६२५०० को,बोका २ वटा | वाखा २३ वटा मात्र बाडेको भरपाई पेश भएको,बोका वितरण गरेको भरपाई पेश नभएको । | कुखुरा र वाखा के.जी मा किनिएको संख्या पत्ता लाउन सकिएन |
| २०/२०७६/२/२६ | जनजागरण महिला उ.स वडा नं.७ | ३,००,००० | दिपेन्द्र पशुपंक्षी कृषि फर्म | माउ बाखा के.जीको रु.३५० को दरले रु.२६२५०० बोका २ बटा | बाखा २५ जनालाई वितरण भएको,बोका वितरणको भरपाई पेश नभएको | |
| २२/२०७६/२/२६ | छडपातल महिला उ.स वडा नं.५ | ५,००,००० | | व्यापार व्यवसायको लागि भनि रु२२६००० खर्च,वाखा खरीदमा रु३००००० खर्च | व्यापार व्यवसायको लागि भनि किनिएका सामानको भरपारइ पेश नभएको । | |
| २४/२०७६/२/२६ | हरीयाली महिला उस वडा नं.५ | ३,००,००० | | रु.३००००० को बाखा किनि २६ जनालाई वितरण गरेको | | |
| २८/२०७६/२/२६ | मस्टा महिला उस वडा नं.६ | ५,००,००० | | रु.५००००० को वाखा खरीद गरी वितरण गरेको | | |
| ३३/२०७६/३/२ | प्रगतिसिल महिला उस वडा.नं ६ | ५,००,००० | | रु.५००००० को वाखा खरीद गरी वितरण गरेको | | |

उपरोक्त बमोजिम बोका,वाखा र कुखुरा प्रति केजिको दरले किनेको विलबाट देखिन्छ भने वितरणको भरपाईमा पिस,संख्या गरी वितरण भएको छ । जसले गर्दा मासु वितरण भयो या जिउदै कुखुरा र बाखा वितरण भयो एकिन गर्न सकिएन । एउटै वडामा तीनवटा उपभोक्ता समिति लाई एउटै काम र उदेश्यको लागि खर्च भएको छ । के.जी मा खरीद गरी पिस र संख्यामा वितरण गरिदा कति वितरण भयो भन्ने विषयमा विश्वस्थ हुन सक्ने अवस्था रहेन । एउटै सप्लायर्स बाट खरीद गर्दा पनि विलमा प्रति केजीमा रकम फरक परेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन । साथै बोका वितरण गरेको भरपाई पनि पेश हुन सकेन । जसले गर्दा गाउँपालीकाले गरिवसंग विश्वेश्वर कार्यक्रममा खर्च गरेको रकम यथार्थ छ भन्न सकिएन । तसर्थ सो सम्वन्धमा छानविन गरी सबै उपभोक्ता समितिले बोका वितरण गरेको सम्बन्धमा यथार्तता यकिन गर्नु पर्दछ ।

३४. **बहुक्षेत्रीय पोषण :** १०/२०७६/३/२७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । वहुक्षेत्रीय पोषण संयोजक अम्मरराज वडुले विभिन्न १७ कार्यकमको लागि लिएको पेश्की रु.१२,१२,९००।- फछ्र्योट गर्दा रु १२,०६,६००।-को मात्र विल भरपाई पेश हुन आएकोले विल भर्पाई वेगर रु ६,३००।- वढी खर्च लेखेको असुल हुनु पर्ने रु. ६,३००/-

३५. **आर्थिक सहायता :** आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ बमोजिम न्यूनतम Criteria पुरा गरी

वडा वाट सिफारिस भै आएमा आर्थिक सहायता दिने व्यवस्था छ । यस गाउँपालीकाले अन्य सहायता भनि यस आर्थिक वर्ष रु.१८,४३,५००।-सहायता वितरण गरेको देखिन्छ । यसरी वितरण गरेको आर्थिक सहायता रकम मा उक्त कार्यविधिले तोकेको मापदण्ड पुरा गरेको नदेखिएको,नागरीकताको प्रतिलिपिको आधारमा रकम वितरण गरेको पाईयो। वाढी पिडितको लागि वितरण गरेको राहतमा समेत प्रहरी मुचुल्का देखिएन, र स्पष्ट मापदण्ड वेगरनै अति गरिव र विपन्न भनि रकम वितरण गरेको देखिन्छ । यस्तो राहत तथा आर्थाक सहायता वितरणमा पर्यापत कारण,प्रहरी मुजुल्का सम्वन्धित व्यक्तिको निवेदन,लगायतको वास्तविकता पुष्टिहुने आवस्यक प्रमाणको आधारमा सहायत दिनु पर्नेमा सो वमोजिम नगरी सोभै व्यक्तीको निवेदन र नागरिकताको प्रतिलिपिको आधारमा रकम वितरण गरेको देखिंदा सो सहायता वितरणमा वास्तविक लक्षीत समुहले रकम प्राप्त गरेको सम्वन्धमा विस्वस्थ हुने आधार देखिएन । तसर्थ सो सम्वन्धमा छानविन गरी यकिन हुनु पर्ने देखियो । अधिकासं रकम वडा अधक्ष्यलाई भुक्तानी दिएको देखिन्छ । वडा अध्यक्ष मार्फत वितरण भएकोले वास्तविक पिडितले सहयोग रकम पाए नपाएको सम्वन्धमा समेत स्पष्ट आधार पेश नभएकोले खर्चको पुष्टि हुन सकेन। यसरी वितरण गरेको केही उदाहरणहरु निम्न छन ।

| भौ.न र मिति | सहायता पाउनेको नाम | रकम | सहायता पाउनुको कारण | कैफियत |
|---|---|---|---|---|
| ३१४/२०७४/१२/२८ | केशव राज जोशी | ५००००.०० | | |
| ३४१/२०७६/१/११ | सुरेन्द्र बहादुर विष्ट | ४०००००.०० | वाढी पिडित | प्रहरी मुजुल्का छैन |
| ४७३/२०७६/२/२६ | लालु दौल्याल | ३५००००.०० | अति गरीव र विपन्न | संरक्षक भनि वडा अध्यक्ष ऐन व. दौल्याले बुझेको |
| ४७६/२०७६/२/२६ | उजेली दौल्याल | ३५०००.०० | अति गरीव र विपन्न | संरक्षक भनि वडा अध्यक्ष दिनेश दौल्यालले बुझेको |
| ५०/२०७६/२/३० | इश्वरी जोशी | ५००००.०० | | संरक्षक भनि वडा अध्यक्ष महेश जोसीले बुझेको । |
| ५५५/२०७६/३/१६ | जगत वहादुर दौल्याल | ४५०००.०० | ढाड भाच्चीएको | जगत थापाको नाम भएको अस्पतालको विल पेश भएको |
| ५५६/२०७६/३/१६ | लखु देवि दौल्याल | ४५०००.०० | पेटको रोगी | |
| ५९४/२०७६/३/२० | पशुपति कु.जाग्री,मार्मल जाग्री,केशव धामी र उर्मीला क. धामी | ७००००.०० | दैनिक जिवन यापन गर्न गठिन भएकोले | वडा अध्यक्ष धिरज वहादुर जाग्रीले बुझेको । |
| | जम्मा : | १०४५०००.०० | | |

३६. **सोभै खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोभै खरिद गर्न नहुने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा रु.१८,३२,०७५/-को छपाई, कार्यालय सामान, उपकरण आदि प्रतिष्पर्धा वेगर सोभै खरिद गरेको देखियो । खरिद कार्यमा सवैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी यसलाई मितव्ययी प्रतिष्पर्धात्मक र गुणस्तरीयता बनाउन कार्यालयले ध्यान दिनुपर्छ ।यस्तो खरिदको केही उदारहण निम्न छन् ।

| गो.भौ.नं./मिति | व.उ.शि.नं. | आपूर्तिकर्ताको नाम | खरिद विवरण | रकम रु. |
|---|---|---|---|---|
| ५३६/२०७६/३/६ | | कैलास मिडिया प्रा.ली | बुलेटिन प्रकासन | ४९०००० |
| ५४५/२०७६/३/११ | | उरै सुर्मा स्टेसनरी अडर्स सप्लायर्स | | ३२४३१० |
| ६०३/२०७६/३/२२ | | व्यास वदर्स पसल | स्टेसनरी | ५१७५० |
| ६११/२०७६/३/ | | फोटो कन्सर्न एण्ड मेसेन्जर्स | | ६४९२५ |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | | |
| २/२०७६/१/१९ | ग्रामिण नविकरण | न्यू सोलार उर्जा सप्लायर्स | सोलार सेट १२०० वाट | ४७२६९० |
| ३/२०७६/२/३० | ग्रामिण नविकरण | न्यू सोलार उर्जा सप्लायर्स | सोलार सेट १५० वाट | ९४९०० |
| | | जम्मा : | | १४९८५७५ |

३७. **डकुमेन्ट्री :** ७७/२०७५/८/१२ आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालीकाको डकुमेन्ट्री तयारी गरी प्रसारण गर्न भनि कैलाश मिडिया प्रा.ली संग मिति २०७५/५/२० मा रु. ४,९६,०००।- भुक्तानी दिने गरी सभ्फौता भएको देखिन्छ । सम्भ्फैताको शर्त नं.५ मा कैलास मिडियाले डकुमेन्ट्री तयार गरी सिडि उपलव्ध गराएको भए पनि संभ्फौता अनुसार टेलीभिजनको राष्ट्रिय प्रसारणबाट एक पटक सो डकुमेन्ट्री प्रसारण गरे वापत रु १,००,०००।- दिने उल्लेख गरीएकोमा सो प्रशारण भए नभएको पुष्टी हुने आधार प्रमाण पेश हुन आएन र सो सम्वन्धमा गाउँपालीका समेत वेखवर छ भने लेखापरीक्षण समयमा प्रतिक्रिया लिदा नेपाल टेलिभिजनमा प्रसारण भएको भनिए पनि अर्डर स्लीप, ब्रोडकास्टिङ सर्टिपिकेट र टेलिभिजनले लिएको शुल्कको रसिद लगायतको आवस्यक प्रमाण प्राप्त हुन सकेन । तसर्थ खर्च पुष्ट्याईको पर्याप्त प्रमाण वेगरनै खर्च लेखेको नियमसंगत देखिदैन । तसर्थ सो सम्वन्धमा आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा रु १,००,०००।-असुल हुनु पर्ने रु. — १,००,०००/-

३८. **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्यालले उपलव्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. — ३,३८,३६५/८२

| **भौ.नं.र मिति** | **आपूर्ति कर्ताको नाम** | **स्थायी लेखा नं.** | **बिलको मिति** | **कुल भुक्तानी रकम** | **मु.अ.कर रकम** | **दाखिला हुनु पर्ने रकम** |
|---|---|---|---|---|---|---|
| ५३६/२०७६/३/६ | कैलास मिडिया प्रा.ली | ६०६८८८५१६ | २०७६/३/३ | ४३३६२७.९८ | ५६३१७.६४ | २८१५८.८२ |
| ५४५/२०७६/३/११ | उरै शुर्मा स्टेश्नरी अडर्स एण्ड सप्लायर्स | ६०१७०९६६५ | २०७६/३/१० | २८७००० | ३७३१० | १८६५५ |
| ३/२०७६/३/२३ | संजय एण्ड अजय ट्रेडर्स एण्ड सप्लायर्स | ६०७४२००३६ | २०७६/२/२८ | ७६३८८० | ८७८८० | ४३९४० |
| १८७/२०७६/३/१८ | पायानिर आर्किटेक | ३०१००७०७८ | २०७६/३/७ | ४९८२१७ | ५७३१७ | २८६५९ |
| २२५/२०७६/३२३ | महलिङ्क ट्रेडर्स | ६०६९८३७२३ | २०७६/३/२० | ५२३८४ | ६०२६ | ३०१३ |
| २४२/२०७३/३२ | निलम हाडवयर | ६००२६०७६१ | २०७६/३/२० | १७०८०० | १९६४६ | ९८२३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६ | सप्लायर्स | | | | | | |
| | २४३/२०७६/३/२६ | जय लक्ष्मी निर्माण सेवा | ६०७४२१५१८ | २०७६/३/११ | १३२०९७ | १५१९७ | ७५९९ | |
| | २४३/२०७६/३/२६ | मालिङ्गा ट्रेडर्स | ६०६९८३७२३ | २०७३६/३/९ | ४१३९७ | ४७६२ | २३८१ | |
| | २७३/२०७६/३/३० | भिजन इन्जीनियरिङ्ग | ६०४२६२०८४ | २०७६/३/७ | ७००००० | ८०६०० | ४०३०० | |
| | २८३/२०७६/३/३० | दक्षिण काली आएल स्टोर्स | ३०१८४९६१६ | २०७६/३/२८ | २८५००० | ३२७८७ | १६३९४ | |
| | २८३/२०७६/३/३० | सुरद हार्डवयर | ६००९३०५३८ | २०७३/३/६ | १५२५५० | १७५५० | ८७७५ | |
| | २८५/२०७६/३/३० | भाइजान निर्माण सेवा | ६००७५०२८७ | २०७६/३/३० | २२६००० | २६००० | १३००० | |
| | ३५/२०७६/३/३० | उरै सुर्मा स्टेशनरी अडर्स | ६०१७०९६६५ | २०७६/३/१८ | १३६५०४ | १५७०४ | ७८५२ | |
| | १०/२०७६/३/१९ | खड्का इन्टरप्राइजेज | ३०२९६६८०२ | २०७६/३/१० | १०९९९३ | १२६५४ | ६३२७ | |
| | १०/२०७६/३/१९ | मालिङ्गा ट्रेडर्स | ६०६९८३७२३ | २०७६/२/२० | ५३४१३ | २६७०७ | १५३२८ | |
| | १५/२०७६/३/२८ | खड्का इन्टरप्राइजेज | ३०२९६६८०२ | २०७६/३/२९ | २३३७९४ | २६८९६ | १३४४८ | |
| | १५/२०७६/३/२८ | मालिङ्गा ट्रेडर्स | ६०६९८३७२३ | २०७६/२/२० | ११५८०२ | १३३२२ | ६६६२ | |
| | १७/२०७६/३/२५ | सुप्रिम हार्डवयर एण्ड सप्लायर्स | ६०३९२८९९८ | २०७६/३/५ | ४४६५७६ | ५१३७६ | २५६८८ | |
| | १९/२०७६/३/२६ | सुरद हार्डवयर | ६००९३०५३८ | २०७६/३/१६ | १८५३२० | २१३२० | १०६६० | |
| | १९/२०७६/३/२६ | ताम्राकार हार्डवयेर | ३०१४२८१९४ | २०७६/२/३० | १५००४३ | १७२६२ | ८६३० | |
| | १९/२०७६/३/२६ | मालिङ्गा ट्रेडर्स | ६०६९८३७२३ | २०७६/२/३२ | १६६११५ | १९१११ | ९५५५ | |
| | २१/२०७५/९/३० | वृहसपति तार जाली उद्योग | ६०७२८७९२३ | २०७६/३/२० | १२९९९९ | १४९५६ | ७४७८ | |
| | २१/२०७५/९/३० | चौधरी हार्डवयर | ३०३५६९७२५ | २०७३/३/१७ | १०४९९९ | १२०८० | ६०४० | |
| | जम्मा | | | | ५५७५५१०.९८ | ६७२७८०.६४ | ३३८३६५/८२ | |
| ३९. | **निमित्त भत्ता :** निजामति सेवा ऐन २०४९ मा माथिल्लो पद खाली भएमा समान पद वा वढुवाको लागि सम्भाव्य उमेदवार भएको व्यक्तिलई निमित्त दिन सक्ने व्यवस्था छ । यसरी निमित्त भएको अवधिको तलव र पारीश्रमिक माथिल्लो पदको लिन पाउने तर आफु वहाल रहेको पदको दावि गर्न नपाउने व्यवस्था छ । | | | | | | | १७,९३३/- |

गाउँपालीकामा प्रमुख प्रशासकिय अधिकृत रिक्त रहेको भनि नायव सुव्वा मकर बहादुर मण्डेल लाई निमित्त तोकेकोमा निजले निमित्त भए वापत एक तह माथिको शुरु स्केल र सोही पदको भत्ताको अतिरिक्त आफुले खाईपाई आएको ग्रेड रकम समेत भुक्तानी लिएको देखिएकोले २०७५ श्रावणको रु ७०७।-र फाल्गुण देखि आषाढ सम्मको रु १७,२२६।-समेत जम्मा रु १७,९३३।-भुक्तानी दिन मिल्ने नदेखिएको रकममा १० प्रतिशत क.सं.कोषमा थप भएको समेत यकिन गरी असुल गरी वेरुजु वापतको राजस्व खाता दाखिला गर्नु पर्ने रु

४०. **शिक्षकहरुको विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२ज) मा स्थानीय तहको आधारभूत तथा माध्यामिक शिक्षा सम्वन्धी व्यवस्था रहेको छ । गाउँपालिकाले आफ्नो भौगोलिक सीमानाभित्रको आधारभूत तथा माध्यामिक शिक्षाको नीति, योजना, कार्यक्रम, शैक्षिक कार्यक्रमको समन्वय, विद्यालय अनुदान तथा सोको वजेट व्यवस्थापन, आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्दै विद्यालय तथा त्यसमा कार्यरत शिक्षकहरुको दरबन्दी, नियुक्ति, अवकाश, सरुवा, बढुवा, मृत्यु जस्ता व्यक्तिगत विवरण सहितको अभिलेख खडा गरी राख्नु पर्नेमा त्यसो गरेको देखिएन । यसले समग्र शैक्षिक व्यवस्थापन कमजोर हुने, विद्यालयहरुमा शिक्षकहरुको तलव भत्ता, ग्रेड तथा सुविधाको भुक्तानी यथार्थपरक नहुने, विद्यालयको सम्पत्तिको उचित संरक्षण नहुने भई आर्थिक अनुशासन उल्लंघन हुन सक्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।

४१. **शिक्षातर्फ पारीश्रमिक कर नकटाएको :**आयकर ऐन २०५८ को दफा ८ अनुसार कुनै पनि प्रकृतिक व्यक्तिले प्राप्त गर्ने रोजगारी आयमा सो ऐन बो अुसूचि १ मा उल्लेखित दरले कर कट्टा गर्नु पर्ने व्यवस्था छ । गाउँपालीका अन्तरगतका विभिन्न विद्यालयमा कार्यरत शिक्षक,शिक्षिकाहरुको तलव भत्ता निकासा दिंदा ति शिक्षक तथा कर्मचारीहरुको रोजगरी आय ऐनको उक्त व्यवस्था बमोजिम श्रोतमा कर नकटाइ शतप्रतिशत रकम निकासा दिएको देखिन्छ । सम्बन्धित विद्यालयकाहरुले निकासा माग गर्दा पेश गरेको तलव शिटमा समेत शिक्षकको समेत १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टा गरी तलव सिट पेश गरेको,कतिपयले पारिश्रमिक कर गणना गरेको भए पनि नियमानुसार लाग्ने कर भन्दा घटी कर कटाएको देखिन आएकोले सो सम्बन्धमा गाउँपालीकाको ध्यानकर्षण जरुरी देखिन्छ ।

४२. **पदाधिकारी सुविधा** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालीकाले देहाय बमोजिम सो सुविधा वापत रु.४३,६३,२००/- यस वर्ष भूक्तानी भएको छ । भने गत वर्षको तलव भत्ता भनि रु.४४,४२,०००।-यो वर्ष खर्च लेखेको छ ।गत वर्षको पारिश्रमिक यस वर्ष भुक्तानी गर्ने आधार पेश भएन ।

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० | |
| सञ्चार सुबिधा ( मासिक दरमा) | ११०० | १००० | ५०० | | | |
| **वार्षिक जम्मा** | ३७३२०० | ३१२००० | १७२२००० | ५७६००० | १३८०००० | ४३६३२००/- |

४२.१ **पदाधिकारी पारिश्रमिक कर :** आयकर ऐन २०५८ तथा आर्थिक ऐन २०७५ अनुसार प्राकृतिक व्यक्तीको आय जुन वर्षको भए पनि कर गणना गर्ने प्रयोजनको लागि सो आय भुक्तानी भएको वर्षको आयमानि कर गणना गर्नु पर्ने व्यवस्था गरेको छ । यस गाउँ पालिकाले विभिन्न पदाधिकारीहरुको गत वर्षको पारिश्रमिक रु.४३,६३,२००/- यो वर्ष भुक्तानी भएकोमा उक्त रकम ऐनको उक्त व्यवस्था वमोजिम यस वर्षको आयमा समावेश गरी कर निर्धारण गर्नु पर्नेमा सो वमोजिम कर गणना गरेको छैन । तसर्थ प्रत्येक व्यक्तिको पारिवारिक छुट रु ४ लाख पछिको निम्नानुसारको खुद कर योग्य आयमा देहाय अनुसार रु १,५८,४८०/-कर असुल हुन छुट भएको रकम असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु १,५८,४८०/-

| पदाधिकारी | वार्षिक कुल आय | पारिवारिक छुट रकम | खुद कर योग्य आय | लाग्ने दर | असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| प्रमुख/अध्यक्ष १ | ७४६४००.०० | ४०००००.०० | ३४६४००.०० | १०/२० | ५९२८०.०० |
| उपप्रमुख १ | ६२४०००.०० | ४०००००.०० | २२४०००.०० | १०/२० | ३४८००.०० |
| वडा अध्यक्ष ७ जना | ४९२०००.०० | ४०००००.०० | ९२०००.०० | १० | ९२००x७= ६४४००.०० |
| **जम्मा :** | | | | | **१,५८,४८०/-** |

| | | |
|---|---|---|
| ४३. | **आन्तरीक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालयबाट आन्तरीक लेखा परीक्षण गरी मिति २०७६/५/३० मा प्रतिवेदन दिएको छ । आन्तरीक लेखापरीक्षणवाट औल्याईका मुख्य व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षकबाट औल्याईएको वेरुजू फछ्र्यौट गरिनु पर्दछ। | |
| ४३.१ | **हाजिरी वेगर भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । वडा नं.७ वडा अध्यक्ष ऐन बहादुर दौल्लाललाई रु ३,००,०००।- पेश्की दिएकोमा सो पेश्की भौ.नं.१२ बाट फछ्र्यौट हुंदा पेश भएको फँटवारी अनुसार १०० जनाको लागि ८ दिनको हाजिरी भएको देखाई सोही वमोजिम प्रति व्यक्ती दैनिक रु ४००।-को दरले रु ३,२०,०००।- खर्च दावि गरेकोमा प्राप्त हाजिरी विवरण अनुसार ५६ जनाको मात्र उपस्थिति देखिएकोले उपस्थिति वेगर ४४ जनाको वढी खर्च दावि गरेको रु ४०० का दरले ८ दिनको जम्मा रु.१,४०,८००।- सम्वन्धितवाट असुल हुनु पर्ने रु. | १,४०,८००/- |
| ४३.२ | **कार्यक्रम संचालन र जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । महिला शशक्तिकरण कार्यक्रमको लागि विनियोजित बजेट रु २,००,०००।-वाट २५ बटा सिलाई कटाई मेसिन खरीद गरेकोमा सो मेसिन जिन्सी दाखीला गरेको नदेखिएको र सिलाई कटाई कार्यक्रमनै संचालन गरेको नदेखिंदा खर्च पुष्ट्याई हुन सकेन । तसर्थ सो सम्वन्धमा आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल हुनु पर्ने रु | २,००,०००/- |
| ४३.३ | **भाडा कर दाखिला नगरेको :** आयकर ऐन २०५८को दफा ८८ अनुसार भाडा भुक्तानीमा श्रोतमानै १० प्रतिशत कर कटाई दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रममा देउलेख प्रा.स्वास्थ्य चौकी केन्द्रका डाक्टर टंकराज वनले देउलेख अल्ट्रासाउन्ड मेसिन प्रयोग बापतको रु.५०,०००।-भुक्तानी गरेकोमा ऐनको उक्त व्यवस्था वमोजिम रु ५,०००। भाडा कर दाखिला गर्नु पर्नेमा सो रकम दाखिला नगरेकोले असुल गरी दाखिला हुनु पर्ने रु. | ५,०००/- |
| ४३.४ | **दैनिक भ्रमण भत्ता भुक्तानी :** सि.अ.हे.व गंगा प्रसाद जोशी दैनिक भ्रमण भत्ता भुक्तानी लिदा बढी भुक्तानी दिएको रु १,९६०/-असुल हुनु पर्ने रु. | १,९६०/- |
| ४३.५ | **प्रकाशनमा छुट नलिएको :** सरकारी कार्यालयहरुले विज्ञापन तथा सुचना छपाई गरे वापत गोरखापत्र संस्थानले संस्थागत छुट वापत २५ प्रतिशत छुट दिने गरेको छ । अन्य विज्ञापन एजेन्सी ले समेत १५ प्रतिशत छुट दिने गरेकोमा यस गाउँपालिकाले चाहना पब्लिकेसन प्रा.ली. वाट सुचना प्रकाशन वापत मु.अ.कर समेत रु २,३४,८७२।-भुक्तानी गरेकोमा सो वमोजिम छुट लिएको छैन । जस्वाट भ्याट बाहेकको विल रु २,२०,०००।- भुक्तानीमा न्यूनतम १५ प्रतिशतले हुने रु ३३,०००/-ले थप व्यहभार परेको देखिएकोले असुल हुनु पर्ने रु | ३३,०००/- |
| ४३.६ | **स्वास्थ्य शिविर सञ्चालन :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । तारा मण्डल सशक्तिकरण स्वास्थ्य शिविर सञ्चालन गरेवावत रु २ लाख भुक्तानी लिएकोमा गाउँपालीका र तारा मण्डल विच सम्झौता भएको नदेखिएको, चेकजाँच गरेको सेवा ग्राहिको विवरण डे वुक नभएको,फोटो नरहेको साथै वडा कार्यालयको सिफारिस समेत नभएकोले उक्त सिविर संचालन भए नभएको यर्थाथता यकिन हुन नसकेकोले सो खर्च पुष्ट्याइको लागि आवश्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. | २,००,०००/- |
| ४३.७ | **अग्रिम कर नकटाएको :** आयकर ऐन २०५८को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत | |

<table>
<tr><td></td><td>कर कटाई दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । सुभकामना छपाइ बापत वर्गदृष्टी मिडिया प्रालीलाई रु २५ हजार भूक्तानी दिएकोमा मु.अ.कर विजक पेश नगरेको हकमा १५ प्रतिशत कर कट्टी गर्नु पर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरेकोले नपुग रकम ३,३७५/-पदम बहादुर भण्डारीबाट असुल हुनु पर्ने रु.</td><td>३,३७५/-</td></tr>
<tr><td>४३.८</td><td>तलव भत्ता अनुदान : गाउँपालीकाले विभिन्न निजी विद्यालयका शिक्षक हरुलाई तलव भत्ता अनुदान वापत रु ६०,००,०००।- भुक्तानी खर्च लेखेकोले निजि शिक्षकलाई तलब भत्ता अनुदान दिन मिल्ने आधार नदेखीएकोले सो सम्बन्धमा आधार प्रमाण पेश गर्ने अन्यथा असुल उपर गर्ने रु</td><td>६०,००,०००/-</td></tr>
<tr><td>४३.९</td><td>विल भर्पाई वेगर खर्च : ७८/२०७६/०२/१७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ को उपनियम (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यबस्था छ । समानीकर तर्फ वडा नं. १ वाट विभिन्न सामान खरिद वात भुक्तानी खर्च लेखेकोमा रु ४०,०००/- विल भर्पाई नपुग भएको देखिएकोले विल भर्पाइ वेगर खर्च पुष्ट्याई हुन नसकेकोले सो सम्वन्धमा आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु</td><td>४०,०००/-</td></tr>
<tr><td>४३.१०</td><td>कर दाखिला नभएको : आयकर ऐन २०५८को दफा ८८ अनुसार तोकिएको दरमा कर कटाई कट्टा गरेको कर नियमानुसार दाखिला गर्नु पर्दछ । यसगाउँपालिकावाट निम्नानुसारको भुक्तानीमा कर नकटाएको र कटाएकोमा पनि दाखिला गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नु पर्ने रु
<table>
<tr><th>व.उ.शि.नं.</th><th>गो.भौ. र मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी रकम</th><th>भुक्तानी लिने</th><th>कर दर</th><th>दाखिला हुनु पर्ने रकम</th></tr>
<tr><td>समानिकरण</td><td>१४३/०७६/३/१८</td><td>वडा नं.३ सिलाई कटाई</td><td>३२०००.००</td><td>नखुलेको</td><td>१०</td><td>३२००.००</td></tr>
<tr><td>समानिकरण</td><td>१५१/०७६/३/१९</td><td>वडा नं.१ सिलाई कटाई</td><td>५००००.००</td><td>सन्दिप नेपाली</td><td>१५</td><td>७५००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>८२,०००/-</td><td>जम्मा :</td><td></td><td>१०,७००/-</td></tr>
</table>
उपरोक्त वमोजिमको कार्यकम वापत खर्च लेखेको डुवानी तथा पारिश्रमिक खर्च भुक्तानी गरेको देखिएकोमा कार्यक्रम संचालन गरी खर्च भएको पुष्ट्याईको लागि आवस्यक प्रमाण पेश नभएको ,कार्यकम संचालन भएको खुल्ने आधार नदेखिएकोले सो सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्ने देखियो ।</td><td>१०,७००/-</td></tr>
<tr><td>४३.११</td><td>रकम भुक्तानीको आधार नभएको : समानिकरण १५६।०७६।३।२२ आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाले मा.वि.शिक्षक युनियन नेपाल हिस्टुन गा.पा. लाई रु १ लाख उपलव्ध गराएकोमा सो रकम उपलव्ध गराउने आधार तथा कार्यक्रम पेश हुन नआएकोले खर्च लेख्ने आधार देखिएन । तसर्थ सो सम्वन्धमा आधार पुष्टि हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु</td><td>१,००,०००/-</td></tr>
<tr><td>४३.१२</td><td>नर्म्स भन्दा वढी भुक्तानी : समानिकरण १७१।०७६।३।२५ आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।युवा स्वरोजगार तालिम उपभोक्ता समितिलाई रु ४,३०,५८०।-भुक्तानी दिएकोमा तालिमको विषय नखुलेको,प्रशिक्षकहरुको विवरण पेश नभएको,४ दिनको उपस्थिति गराई १२ दिनको खर्च दावि गरेको,अस्वभाविकरुपमा वढी १९२ कक्षाको प्रशिक्षक भत्ता खर्च दावि गरेको, नर्म्स विपरित १६३१।२३ प्रशिक्षक भत्ता खर्च लेखेको,वास्तविक वितरण गर्नु पर्ने भन्दा वढी भत्ता वितरण गरेको देखिएकोले सो उपभोक्ता समितिलाई भुक्तानी दिएको रकमको खर्च पुष्टि नभएकोले सो सम्वन्धमा छानविन गरी खर्च यकिन गर्नु पर्ने अन्यथा कर कटाएको रु ४४,८८०।-सहभागिलाई उपस्थितिको आधारमा वितरण गर्नु पर्ने प्रशिक्षक एवं सहभागि भत्ता रु ७४,६००।-समेत जम्मा रु १,१९,४८०।-वाहेक रु ३,११,१००।-को खर्च पुष्टि नभएको रकम असुल हुनु पर्ने देखिएको रु</td><td>३,११,१००/-</td></tr>
</table>

<table>
<tr>
<td>४४.</td>
<td>पेश्की वाँकी : आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको निम्न पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट गर्नु पर्ने रु.
<table>
<tr><th>मिति</th><th>पेश्कि लिनेको नाम</th><th>यस बर्षको पेश्कि</th></tr>
<tr><td>२०७६/३/२५</td><td>थलचौर माध्यमिक विद्यालयको वि.व्या.स दिल बहादुर भण्डारी</td><td>१८00000</td></tr>
<tr><td>२०७५/११/५</td><td>चौधारी मा.वि,विद्यालय व्यवस्थापन समिति अध्यक्ष तिल वहादुर भण्डारी</td><td>९00000</td></tr>
<tr><td>२०७५/११/५</td><td>रनफोल खानेपानी तथा सरसफाई उपभोक्ता समिति</td><td>८00000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५,००,०००</td></tr>
</table>
</td>
<td>३५,००,०००/-</td>
</tr>
<tr>
<td>४५.</td>
<td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेको छ ।यस गाउंपालिकाको गत वर्ष को वेरुजु र फछ्र्यौटको अवस्था निम्नानुसार रहेको छ : रु हजारमा
<table>
<tr><th>गत वर्षको वेरुजू रकम (रु हजारमा) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>वाँकी (C=A-B) रु हजारमा</th></tr>
<tr><td>६०२५</td><td>०</td><td>६०२५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४६.</td>
<td>अद्यावधिक वेरुजू स्थिति : गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजूको लगत अध्यावधिक गरेको छैन जस्वाट गाउँपालिकाको नाममा हाल सम्म वाँकी वेरुजु यकिन हुन सकेन । र लेखापरीक्षणको कममा वेरुजु फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश भएको छैन ।</td>
<td></td>
</tr>
</table>

अनुसूची- १

## दुर्गाथली गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| दुर्गाथली गाउँपालिका | बझाङ | **१६९४१** | ९३०५६ | २०४८११ | ४१०७४ | **३३८९४१** | १९४४२५ | १४६५०७ | २९४ | **३४१२२६** | **१४६५६** |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बझाङ | दुर्गाथली गाउँपालिका | २८ | ३६ | ५२९४५ | ०० | ०० | ०० | २८ | ३६ | ५२९४५ | २००४३ | २१५४७ | ७८५५ | | | **२९४०१** | ० | ३५०० | ३५०० |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | दुर्गाथली गाउँपालिका | बझाङ | ६०२५ | ० | ६०२५ | ० | ५२९४५ | ५८९७० |